# स्थानीय राजपत्र

राप्ती गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः९ | संख्याः२ | मितिः२०८२/०६/२९ |
|---|---|---|

## भाग २

**राप्ती गाउँपालिका, दाङ**

**कार्यपालिकाबाट स्वीकृतः२०८२/०६/०८**

# सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०८२

**प्रस्तावना :**

आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसात गर्दै राप्ती गाउँपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमन गर्न साथै सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, सहकारीको माध्यमबाट सहकारी  खेती,उद्योग, बस्तु तथा सेवा व्यवसाय सञ्चालन कार्य प्रभावकारी रुपले समयानुकूल अगाडि बढाउन  वाञ्छनीय भएकोले राप्ती गाउँपालिकाको सहकारी ऐन, २०७४को दफा १०१ ले दिएको  अधिकार प्रयोग गरी ११८ औं कार्यपालिका बैठकले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद - १

**प्रारम्भिकः**

### १.संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम “राप्ती गाउँपालिकाको सहकारी सञ्जाल (गठन तथा  परिचालन सम्बन्धी) कार्यविधि, २०७८” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ ।

### २.परिभाषाः

(१)“अध्यक्ष” भन्नाले राप्ती गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(२) “उपाध्यक्ष” भन्नाले राप्ती गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ । (३)“गाँउपालिका” भन्नाले राप्ती गाउँपालिकालाई सम्झनु पर्छ ।

(४) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले राप्ती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(५) “सचिव” भन्नाले सहकारी सञ्जालको सचिवलाई सम्झनु पर्छ ।

(६) “सदस्य” भन्नाले सहकारी सञ्जालको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले सहकारी सञ्जालका संयोजक, सह संयोजक, सचिव र सदस्यलाई समेत जनाउछ । (७) “सल्लाहकार समिति” भन्नाले कार्यविधिको दफा ७ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(८) “सहकारी शाखा प्रमुख” भन्नाले गाउँपालिकाको सहकारी हेर्ने शाखाको प्रमुख कर्मचारीलाई सम्झनुपर्छ ।

(९) “सहकारी सञ्जाल” भन्नाले राप्ती गाउँपालिकाले गठन गरेको सहकारी सञ्जाललाई सम्झनुपर्छ ।

(१०) “सहजीकरण समिति” भन्नाले कार्यविधिको दफा ८ बमोजिम गठन भएको कार्यक्रम सञ्चालन तथा सहजीकरण समितिलाई सम्झनु पर्छ ।

(११) “सहकारी विज्ञ” भन्नाले सहकारी क्षेत्रमा कम्तिमा आठ वर्ष अनुभव प्राप्त ब्यक्तिलाई सम्झनुपर्छ ।

(१२) “सह-संयोजक” भन्नाले सहकारी सञ्जालको सह-संयोजकलाई सम्झनु पर्छ । (१३) “सहकारी हेर्ने विषयगत समितिको संयोजक” भन्नाले गाउँपालिकाको सहकारी हेर्ने विषयगत समितिको संयोजकलाई सम्झनु पर्छ ।

(१४) “संयोजक” भन्नाले सहकारी सञ्जालको संयोजकलाई सम्झनु पर्छ ।

(१५) “संरक्षक” भन्नाले सहकारी सञ्जालको संरक्षकलाई सम्झनु पर्छ ।

**३. उद्देश्य :**

गाउँपालिकामा संघीय सरकारबाट हस्तान्तरण भै आएका सहकारी संस्था र गाउँपालिकाबाट दर्ता गरी कारोवार सञ्चालन गरेका सहकारी संस्थालाई समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत एवं स्वशासित संगठनको रुपमा सञ्चालन गर्न र संस्थाका सदस्यहरुको आर्थिक विकासमा समेत टेवा पु-याउन सञ्जालको उद्देश्य निम्न अनुसार हुनेछन् : (१) सहकारी कानूनले निर्दिष्ट गरे बमोजिम सहकारी संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप कारोवार सञ्चालन गर्न सहयोगीको भूमिका निर्वाह गर्ने ।

(२) गाउँपालिकाका सहकारीलाई सहकारी खेती, उद्योग, बस्तु तथा सेवा, ब्यवसायको माध्यमबाट आत्मनिर्भर बन्न सहयोग पु-याउने ।

(३) प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गरी गाउँपालिकामा सञ्चालित सहकारीलाई आर्थिक सहयोग उपलब्ध गराउने ।

(४) सहकारी संस्थामा सुशासन कायम राख्न गाउँपालिका भित्रका सहकारीहरु वीच समन्वय र सह-कार्य गर्ने ।

(५) गाउँपालिकाको आवश्यकताका आधारमा सहकारीको माध्यमबाट बस्तु तथा सेवाको उत्पादन, प्रशोधन, बजारीकरण लगायतका कार्यमा आर्थिक सहयोग उपलब्ध गराउने । (६) सहकारीको माध्यमबाट शित भण्डार निर्माण, सहकारी पसल सञ्चालन, उद्योग, वस्तु तथा सेवा व्यवसाय लगायतका व्यवसायिक कार्यमा अभिप्रेरित गर्ने र आवश्यक परेमा गाउँपालिकासंग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।

(७) सहकारी शिक्षाको माध्यमबाट स्थानीय नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयनमा टेवा पुऱ्याउने ।

(८) सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

४.सहकारी सञ्जालको कार्यक्षेत्रः सञ्जालको कार्य क्षेत्र गाउँपालिकाका वडाहरु भित्र रहने छ ।

**५. कार्यालय ब्यवस्थापन :**

सञ्जालको आफ्नो कार्य सञ्चालनको लागि एक कार्यालय रहनेछ । पत्राचार, ठेगाना, सम्पर्क नम्बर, सञ्जालले तोके बमोजिम हनु ेछ । यसको जानकारी गाउँपालिका र सम्बन्धित निकायहरुमा समेत गराइनेछ ।

**परिच्छेद-२**

सञ्जाल, सल्लाहकार समिति र सहजिकरण समितिको गठन तथा काम, कर्तब्य र अधिकार

**६.सञ्जालको गठन :**

(१) गाउँपालिका भित्र कार्यक्षेत्र रहेका र क्रियाशील विषयगत तथा बहुउद्देश्यीय सहकारी संस्थाबाट प्रतिनिधित्व हुने गरी १० सदस्यीय राप्ती गाउँपालिका स्तरीय सहकारी सञ्जाल गठन देहाय बमोजिम गर्न सकिनेछ :

(क) संयोजक १

(ख) सह संयोजक १

(ग) सदस्यहरु ७

(घ) सचिव १

(२) सञ्जालका पदाधिकारीहरु गाउँपालिकाका सबै क्रियाशिल सहकारी संस्थाका सञ्चालक समितिका अध्यक्ष/पदाधिकारी मध्येबाट प्रत्येक वडावाट १ जनाको दरले निर्वाचित हुनेछन्। (३) सञ्जालका पदाधिकारीहरुको पदावधि तीन वर्ष हुनेछ।

(४) सञ्जालमा संभव भएसम्म कम्तिमा तेत्तीस प्रतिशत महिला निर्वाचित गरिनेछ। (५) अध्यक्ष सञ्जालको संरक्षक हुनेछ।

(६) गाउँपालिकाका सबै क्रियाशील सहकारी संस्थाले उपदफा (१) बमोजिमको सञ्जाल गठनको लागि प्रतिनिधि तोकी पठाउनु पर्नेछ। ती प्रतिनिधिहरुको एक निर्वाचन मण्डलबाट संजालका पदाधिकारीहरु निर्वाचित हुनेछन्।

(७) सहकारी शाखा प्रमुखले सञ्जालको सचिवको काम गर्नेछ।

**७. सल्लाहकार समिति :**

(१) दफा ६ बमोजिम गठन भएको सञ्जाललाई आवश्यक सर-सल्लाह र सहकारी सम्बन्धमा निर्देशन तथा समन्वय गर्न तपशिल बमोजिमको सल्लाहकार समिति रहनेछ :

(क) अध्यक्ष - संयोजक

(ख) उपाध्यक्ष - सह-संयोजक

(ग) सहकारी हेर्ने विषयगत समितिको संयोजक - सदस्य

(घ) जिल्ला सहकारी संघको अध्यक्ष/प्रतिनिधि - सदस्य

(ङ) सहकारी शाखा प्रमुख - सदस्य-सचिव

(२) समितिलेआवश्यकतानुसार प्रमुख प्रशासकीय अधिकृत र सहकारी विज्ञलाई पनि बैठकमा आमन्त्रण गर्नेछ।

(३) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बैठक बोलाउने र बैठक सम्वन्धी आवश्यक ब्यवस्थापन गर्नेछ।

(४) समितिको राय, सल्लाह र सुझाव गाउँपालिकाका, सहकारी संस्था साथै सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछ।

(५) उपदफा (४) वमोजिम सल्लाहकार समितिको सुझाव दफा ६ बमोजिम गठित सहकारी सञ्जालको लागि मार्गदर्शन हुनेछ ।

८. कार्यक्रम सञ्चालन तथा सहजीकरण समितिः

(१) गाउँपालिकाभित्र कार्यक्षेत्र रही कियाशिल सहकारी संस्थाकोसञ्जाल माफर्त सञ्चालन हुने कार्यक्रम सञ्चालन तथा सहजीकरणको लागि तपशिल बमोजिमको कार्यक्रम सञ्चालन तथा सहजीकरण समिति गठन हुनेछ । समितिको सहजीकरण दफा ६ बमोजिम गठित सञ्जालको लागि मार्गदर्शन हुनेछ ।

(१) सहकारी शाखा प्रमुख - संयोजक

(२) जिल्ला सहकारी संघको अध्यक्ष/प्रतिनिधि -सदस्य

(३) विषयगत सहकारी संघको अध्यक्ष/प्रतिनिधि (बढीमा ३ जना ) -सदस्य

(४) सहकारी सञ्जालको संयोजक -सदस्य

(२) समितिले बैठकमा आवश्यकतानुसार सहकारी विज्ञलाई पनि आमन्त्रण गर्न सक्नेछ । (३) विषयगत सहकारी संघको अध्यक्ष/प्रतिनिधिमा कम्तिमा एकजना महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

**९. सञ्जालको बैठक सम्बन्धी व्यवस्था :**

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा सचिवले संजालको बैठक बोलाउनेछ । (२) संयोजकको निर्देशनमा सचिवले बैठक बस्नु भन्दा कम्तिमा १ (एक) दिन अघि बैठकका विषयको जानकारी सबै सदस्यहरुलाई गराउनु पर्नेछ ।

(३) सञ्जालमा बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । मत बराबर भएमा संयोजकले निर्णयक मत दिनेछ ।

(४) सञ्जालको बैठकका विषय र निर्णय सहकारीको मूल्य, मान्यता, सिद्धान्त र प्रचलित सहकारी कानून बमोजिम सहकारी संस्थाको प्रवद्धर्न , विकास र सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछन् ।

(५) सञ्जालको बैठकको निर्णयपुस्तिका संयोजकले प्रमाणित गर्नेछ ।

(६) सञ्जालको दुई बैठक बीचको अन्तर तीन महिना भन्दा बढी हुने छैन ।

**१०. सञ्जालको काम, कर्तब्य र अधिकार:**

(१) दफा ३ बमोजिमको उद्देश्य प्राप्तिका लागि गाउँपालिकासंग प्रत्यक्ष रुपमा सहकार्य गरी गाउँपालिकास्तरीय सहकारीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

(२) प्रत्येक वर्ष प्रथम चौमासिक अविधिभित्र कम्तिमा एकपटक गाउँपालिकास्तरीय सहकारी संस्थाहरुको भेला गर्ने ।

(३) गाउँपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको लागि आवश्यक सहकारी सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गर्न गाउँपालिका र स्थानीय गैर सरकारी संघ संस्था तथा गैर नाफामूलक संघ संस्थासंग समन्वय र सहकार्य गर्ने ।

(४) उपदफा (३) बमोजिमका तालिम तथा कार्यक्रम तयार गरी दफा ८ बमोजिम गठित कार्यक्रम सञ्चालन तथा सहजीकरण समिति माफर्त दफा ७ बमोजिम गठित सल्लाहकार समितिलाई जानकारी गराउने ।

(५) सल्लाहकार समितिको निर्देशनानुसार तालिम तथा कार्यक्रम सञ्चालन गर्ने । (६) गाउँपालिकाभित्र कार्यक्षेत्र रहके । विषयगत र बहुउद्देश्यीय सहकारी संस्थाहरुको विस्तृत विवरण समावेश गरी प्रत्येक वर्ष साउन मसान्तभित्र तथ्या, सार्वजनिक गर्ने । (७) उपदफा(६) बमोजिम तथ्या, संकलन गर्दा सञ्जालले आवश्यक नमूना फारामहरु तयार गर्न सक्नेछ ।

(८) गाउँपालिकास्तरीय सहकारीको समग्र विकासको लागि गाउँपालिकालाई आवश्यक राय,सुझाव र पृष्ठपोषण गर्ने ।

११. सेवा सुविधा सम्बन्धी व्यवस्था :दफा ६, ७ र ८ बमोजिम गठित सहकारी सञ्जाल, सल्लाहकार समिति र सहजीकरण समितिका बैठक तथा बैठकमा सहभागी पदाधिकारी साथै आमन्त्रित ब्यक्तिहरुको सेवा सुविधागाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

## विविध

**१२. सहकारी कोषको व्यवस्था :**

(१)गाउँपालिका भित्र कार्यक्षेत्र रहेका सहकारीको समग्र विकासको लागिसहकारी कोषको व्यवस्था गरिनेछ ।

(२) गाँउपालिका, प्रदेश, संघीय सरकार, गैरसरकारी तथागैर नाफामूलक संघ संस्थाबाट कोषको लागि प्राप्त रकम यसै कोषमा जम्मा हुनेछ ।

(३) कोषको सञ्चालन सहजीकरण समितिको संयोजक र सञ्जालको संयोजकको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कोषको रकम दफा ८ बमोजिम गठित सहजीकरण समितिको निर्णय र दफा ७ बमोजिम गठित सल्लाहकार समितिको निर्देशनानुसार बैकमा जम्मा गरिनेछ ।

(५) कोषको रकमको कारोवारको लेखा दोहोरो लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

छ

(६) उपदफा (५) वमोजिमको लेखाको लेखापरीक्षण प्रत्येक वर्ष रजिष्टर्ड लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(७) सञ्जालले लेखापरीक्षण प्रतिवेदन उपदफा (२) वमोजिमको कोषमा रकम जम्मा गर्ने निकायहरुमा पनि पठाउनु पर्नेछ ।

**१३. सामाजिक परीक्षण गराउन सक्ने :**

(१) सञ्जालले कार्यविधिमा उल्लिखित उद्देश्य अनुसार सञ्जालबाट भए गरेका निर्णय र कार्यक्रम तथा तालिम, सहकारीले प्राप्त गरके ा सेवा र सुविधा, सदस्यको सन्तुष्टीको स्तर, आर्थिक कारोवार लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी गाउँकार्यपालिकाले आवश्यकता अनुसार सञ्जाललाई निर्देशन दिन सक्नेछ ।

**१४. खारेजी र बचाउः**

(१) सञ्जालद्वारा संचालित कार्यक्रम, तालिम तथा आर्थिक कारोबार गाँउपालिका र सहकारी सम्बन्धी प्रचलित कानून वमोजिम व्यवस्थित हुनेछन् ।

(२) उपदफा (१) वमोजिमका कार्यक्रम, तालिम तथा आर्थिक कारोबार गाँउपालिका र सहकारीका प्रचलित कानूनसंग बाझिएमा स्वतः खारेज हुनेछन् ।

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत